नेपाल सरकार

फोन नं:५३४७९१२, ५३४३९३९

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

# वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

(आपूर्ति, अनुगमन तथा उपभोक्ता संरक्षण शाखा)

बबरमहल, काठमाडौं नेपाल ।

पत्र संख्या: २०८३/८४

च.नं.

**प्रेस विज्ञप्ति**

यस विभागबाट आज मिति २०८३-०४-१२ गते मंगलबारका दिन तपसिलका उद्योग, फर्महरूको अनुगमन निरीक्षण गर्दा उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली, २०७६ बमोजिम आवश्यक निर्देशन/कारवाही गरिएको ब्यहोरा सर्वसाधारण सबैमा जानकारीका लागि यो प्रेस विज्ञप्ति जारी गरिन्छ।

**तपसिलः**

| क्र.सं. | उद्योग/फर्मको नाम | ठेगाना | निर्देशन/कारवाही | कैफियत |
|---|---|---|---|---|
| १ | मिठो झोल मःम | टोखा नगरपालिका-७ , ढुंगेधारा | रु.२०,०००/- (बिस हजार रुपैया मात्र) जरिवाना गरिएको। (उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १५ बमोजिम खरिद विल नराखेकोले सोही ऐनको दफा ३८(घ) बमोजिमको कसुरमा सोही ऐनको दफा ३९(१)(क) बमोजिम जरिवाना गरी किचन सरसफाईमा विशेष ध्यान दिनुहुन निर्देशन दिईएको) | |
| २ | मेडीमार्ट फर्मा प्रा.लि. | काठमाडौं महानगरपालिका-१६ , वनस्थली | Mith Plus नामको Food Supplement नक्कली विक्री गर्ने गरेको उजुरीको सन्दर्भमा Mith Plus को खरिद विल विक्री विल, दर्तासँग सम्बन्धित कागजातहरु लिई ३(तीन) दिन भित्र वाणिज्य विभागमा उपस्थित हुन निर्देशन दिइएको। | |
| ३ | न्यू दुध सागर | काठमाडौं महानगरपालिका-१६ , माछापोखरी | सरसफाईमा थप विशेष ध्यान दिनु हुन, MRP लेवल र विल विजक विनाको कारोवार नगर्नु हुन निर्देशन दिइएको। | |
| ४ | मेगा मार्ट प्रा. लि. | नागार्जुन नगरपालिका-३ , ठुलो भऱ्याङ | स्थलगत अनुगमन गर्दा म्याद गुज्रिएका सामानहरु नभेटिएकोले उजुरीकर्ता सामानमा पनि म्याद गुज्रिएको नदेखिएको हुनाले सामान्य निर्देशन दिइएको। | |
| ५ | एस.एस.आर.लुम्बिनी स्टोर | काठमाडौं महानगरपालिका-३१ , मिलनचोक | प्रत्येक कारोवारको विल विजक जारी गर्नु हुन, मूल्य सूचीलाई अद्यावधिक गर्नु हुन निर्देशन दिइएको। | |
| ६ | खरेल एण्ड सन्स स्टोर | काठमाडौं महानगरपालिका-३१ , पुरानो वानेश्वर | मालसामान खरिद/विक्री गर्दा अनिवार्य विल/विजक लिनु/ दिनु हुन तथा कालोवजारी नगरि ग्यास लगायत खाद्य सामग्रीको कारोवार गर्नुहुन निर्देशन दिइएको। | |
| ७ | आनन्या किराना पसल | काठमाडौं महानगरपालिका-३१ , वानेश्वर | म्याद गुज्रेका मालसामान वेचविखन नगर्नुहुन, विल विजक जारी गरेर मात्र कारोवार गर्नुहुन तथा ग्याँसको कालोवजारी नगरी वेचविखन गर्नुहुन निर्देशन दिइएको। | |
| ८ | चन्द्राकार ट्रेडर्स | काठमाडौं महानगरपालिका-९ , वत्तिसपुतली | लेवल सहितको MRP स्टिकर लगाएका सामाग्री मात्र खरिद/ विक्री गर्नुहुन, नियमित रुपमा विल/विजक जारी गरेर मात्र कारोवार गर्नुहुन तथा व्यवसायिक मापदण्डहरुको पूर्ण पालना गरी व्यवसाय गर्नु हुन निर्देशन दिइएको। | |
| ९ | अजित स्टोर | किर्तिपुर नगरपालिका-१६ , नगाउँ | ग्यासको सर्वसुलभ समानुपातिक विक्री वितरण गर्नुहुन निर्देशन दिइएको। | |
| १० | एभरेष्ट ग्यास उद्योग लिमिटेड | दक्षिणकाली नगरपालिका-१ , चाल्नाखेल | ग्यासको सर्वसुलभता, माग, आपूर्तिलाई ध्यानमा राखी उत्पादन र विक्री वितरण गर्नुहुन निर्देशन दिइएको। | |
| ११ | पद्मकाष्ठपुर डिपार्टमेन्टल स्टोर प्रा.लि. | किर्तिपुर नगरपालिका-१० , नयां बजार | ग्याँस वितरणको लागि कार्ड बनाएर रेकर्ड राख्ने गरेकोमा धन्यवाद दिदै आगामी दिनमा पनी यस कार्यलाई निरन्तरता दिनु हुन निर्देशन दिइएको। | |

मिति: २०८३-०४-१२ गते

ने.सं. ११४६